# काठमाडौं महानगरपालिका

## ॐ महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

काठमाडौँ प्लाजा, कमलादी, काठमाडौँ, बागमती प्रदेश नेपाल ।

# सेवा करारमा पदपूर्ति सम्बन्धी सूचना ।

**प्रथम पटक प्रकाशित मिति : २०८१।०७।०७**

काठमाडौँ महानगरपालिका सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी कार्यविधि, २०७९ बमोजिम यस महानगरपालिकाको स्वास्थ्य विभाग अन्तर्गत रहेका सहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रहरूमा सेवा करारमा कामकाज गर्न जनशक्ति आवश्यक भएकोले लोक सेवा आयोगबाट सिफारिस वा अन्यत्रबाट स्थायी प्रकृतिको कर्मचारी सरुवा भई नआएसम्म यस आर्थिक वर्षको आषाढ मसान्त सम्मका लागि तपसिल बमोजिमको योग्यता पुगेका नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालय समयमा राजस्व तिरेको सक्कल रसिदको वा QR बाट भुक्तानी गरेको Statement, शैक्षिक योग्यता र सम्बन्धित विषयको कार्य अनुभव, Scan Copy सहित वेबसाइट **www.kathmandu.gov.np** मा रहेको अनलाइन आवेदन प्रणाली मार्फत दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल:**

| क्र.सं. | विज्ञापन नं | पद | तह | सेवा/समूह/उपसमूह | माग पद सङ्ख्या | परीक्षा दस्तुर रु. |
|---|---|---|---|---|---|---|
| १. | १-२०८१/८२ | मेडिकल अधिकृत | आठौं | स्थानीय स्वास्थ्य/ज.हे.स. | ४ | १,२००।- |
| २. | २-२०८१/८२ | ल्याब टेक्निसियन | पाँचौं | स्थानीय स्वास्थ्य/मे.ल्या.टे. | २९ | ७००।- |
| ३. | ३-२०८१/८२ | फिजियोथेरापी असिस्टेन्ट | पाँचौं | स्थानीय स्वास्थ्य/फिजियोथेरापी | ३२ | ७००।- |
| ४. | ४-२०८१/८२ | स्टाफ नर्स | पाँचौं | स्थानीय स्वास्थ्य/जनरल नर्सिङ | ५ | ७००।- |
| ५. | ५-२०८१/८२ | फार्मेसी सहायक | पाँचौं | स्थानीय स्वास्थ्य/फार्मेसी | १० | ७००।- |
| ६. | ६-२०८१/८२ | रेडियोग्राफर | पाँचौं | स्थानीय स्वास्थ्य/रेडियोग्राफी | १ | ७००।- |
| ७. | ७-२०८१/८२ | तथ्याङ्क सहायक | पाँचौं | स्थानीय प्रशासन/विविध | १ | ७००।- |
| ८. | ८-२०८१/८२ | कार्यालय सहयोगी | विहीन | प्रशासन | २६ | ४००।- |
| | | जम्मा | | | १०८ | |